परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ४४ २०८२ असार १५ आइतवार Sunday 22, JUN 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## एसईई परिक्षामा मोरंगबाट ७३ दशमलव ३५ प्रतिशत विद्यार्थी उत्तिर्ण

एसइइ परिक्षमा मोरंगबाट ७३ दशमलब ३५ प्रतिशत विद्यार्थी उत्तिर्ण

विराटनग । माध्यमिक शिक्षा परीक्षा (एसईई) ले शुक्रवार बेलुका निकालिएको एसइइ परिक्षमा मोरंगबा ७३ दशमलब ३५ प्रतिशत विद्यार्थी उत्तिर्ण भएका छन् ।

परीक्षामा मोरङबाट ७३ दशमलव ३५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । ४.० जिपीए ल्याउने १८, ३.६१ देखि ३.९६ ल्याउने २ हजार २४८, ३ .२१ देखि ३.६० ल्याउने ४ हजार १२१, २.८१ देखि ३.२० ल्याउने ३ हजार ४०२, २.४१-२.८० ल्याउने १ हजार ८६९, २.०४ देखि २.४० ल्याउने २३१ जना र १.९५ देखि १.९९ ल्याउने २ जना रहेको शिक्षा विकास तथा समन्वय इकाई मोरङले जनाएको छ ।

त्यसैगरी मोरंगका ८ बटा विद्यालयबाट १८ जना विद्यार्थीहरुले ४.० जिपीए ल्याउन सफल भएका छन् । गत वर्ष ८ जना विद्यार्थीले ४.० जीपीए प्राप्त गरेका थिए ।

एसईईको नतिजा अनुशार विराटनगरको बाल कल्याण विद्या मन्दिरका ६ जना, आदर्श माविका ४ जना, विराटनगरको एभरेष्ट र पथरीशनिश्चरेको बाल्मीकी बोर्डिङ स्कुलबाट २-२ जना, विराटनगर का पोखरिया, सगरमाथा सेकेन्डरी बोर्डिङ स्कुल र कान्तिपुर सेकेन्डरी स्कुलका १-१ जनाले ४.० जिपीए ल्याएका छन् ।

एसईई परिक्षाको नतिजामा विराटनगरको बाल कल्याण बिद्या मन्दिर (विकेभिएम) जिल्ला भर उत्कृष्ट भएको छ । विकेभी एमका ६ जना विद्यार्थीले ४ जिपिए ल्याउन सफल भएका हुन् । जिल्लाभरका विद्यालयहरु को नतिजामा सबैभन्दा बढि रहेको इकाइले जनाएको छ । विकेभीएमबाट २ सय ७१ जना विद्यार्थीले परिक्षा दिएका थिए । २ सय १४ जना विद्यार्थीले ३ दशमलव ६१ देखि ४ जिपिए, ५३ जना विद्यार्थीले ३ दशमलव २१ देखि ३ दशमलव ६० जिपिए ल्याएकाछन् ।

त्यसैगरी आदर्श माध्यमिक विद्यालय विराटनगर ७ मोरङमा २०८१ सालको एसइइमा सामेल भएका ३२९ जना विद्यार्थीहरू मध्ये ४ जिपीए ४ जना श्रेय शर्मा, समयोग भट्टराई, प्रियान्स यादव र प्रिन्स कुमार गुप्ता रहेका छन् । ३.९१ देखि ३.९६ सम्म ल्यायाउने १३ जना, ३.६० देखि ३.७९ सम्म ७२ जना, ३.२० देखि ३.५९ सम्म ११८ जना, २.८० देखि ३.१९ सम्म ४३, २.४० देखि २.७९ सम्म १३ जिपिए प्राप्त गरी ९०.८८ प्रतिशत उत्तीर्ण भएका छन् ।

उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई आज विद्यार्थीले सम्मान समेत गरेको छ । विद्यालयका प्रिन्सिपल रविनकुमार दाहालले विद्यार्थीको लगन र मेहनतले नतिजा आएको बताए । उहाँले भन्नुभयो, 'हामीले विद्यार्थीलाई असल र ब्यवहारिक शिक्षा दिएका हौं । विद्यार्थीले आफ्नो मेहनत, अध्ययन, लगावका कारण नतिजा राम्रो दिलाएका हुन् । यो नै अन्तिम नतिजा भने होइन, विद्यार्थीले आफ्नो भविष्य बनाउन अझ अरु खुड्किलो पुरा गर्नुपर्छ । यसका आधार हामीले बनाइदिने वातावरण तयार गरिदिएका हौं । नतिजाबाट खुशी छौ ।'

इकाईका अनुशार परीक्षामा मोरङबाट १७२ सामुदायिक विद्यालय, २२४ संस्थागत र १५ वटा प्राविधिक धारबाट सञ्चालित गरि ३९६ विद्यालयका १८ हजार १ सय परीक्षार्थी सहभागी भएका थिए ।

NO SMOKING

## कोशी प्रदेशको विनियोजित विधेयक पारित

विराटनगर । कोशी प्रदेश सभाले अर्थिक वर्ष २०८२-०८३ को सेवा र कार्यका लागि कोशी प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा बनेको विधेयक, २०८२' शुक्रवार बहुमतले पारित गरेको छ ।

सदनमा कोशी प्रदेश सरकारको 'अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२' भने सर्वसम्मतले पारित भएको थियो । दुबै प्रस्ताव आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर मगरले सदनमा पेस गर्दा सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गर्नु भएको थियो ।

त्यसैगरी, विनियोजन विधेयक,२०८२ उपर अलग अलग शिर्षकमा कोशी प्रदेश सभा सदस्य गोम्बु शेर्पा र खिनु लङ्वा लिम्बूले प्रस्ताव गर्नु भएको खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकार गरेको थियो । आर्थिक मामिला तथा योजना मन्त्री मगरले बजेट निर्माण गर्दा आम नागरिकको भावना र चाहनालाई केन्द्रमा राखी बजेट निर्माण गरेको जानकारी दिँदै बजेटमा कसै माथि अन्याय नगरेको दाबी गरेका थिए ।

बजेटमा सन्तुलन कायम छ, बजेट निर्माण गर्दा सत्तापक्ष र

वांकी अन्तिम पेजमा...

'कोशीको गौरव हिमालको सान पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष, २०८२ सफल पारौं ।

कोशी प्रदेश पर्यटन वर्ष २०८२

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल






मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर' द.न. ०४/०७७/०७८

## कोशी...

प्रतिपक्षलाई नहेरी जनताको आवश्कयताका योजना र चाहनालाई समावेश गरेको भन्दै मन्त्री मगरले नदी जन्य पदार्थ, वनजंगल, मालपोत र यातायातका क्षेत्रबाट उल्लेखनीय राजस्व संकलन गर्न प्रदेश सरकार योजनाबद्ध लाग्ने जानकारी दिनुभयो । यातायात प्रदेश सरकारको मातहतमा रहेपनि ट्राफिकले सवारीमा लगाउने जरिवाना संघ सरकारकै मातहतमा जाने जनाउँदै मन्त्री मगरले कर र राजस्वको क्षेत्र विस्तार गर्ने कुरामा जोड दिएका थिए ।

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र) कोशी प्रदेश सभा संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन प्रतिपक्षको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । उहाँले प्रमुख प्रतिपक्ष दलका नेतालाई संसदमा छलफल गर्न समय निर्धारण गर्ने प्रक्रिया गलत हो भन्दै संसद सत्ताको नियन्त्रणमा रहन नहुने तर्क गर्नुभयो । नेता आङ्बोले सरकारले बजेट निर्माण गर्दा कुनै एक जिल्लालाई मात्र नभइ सबै जिल्लालाई हेरेर बजेट बनाउनु पर्ने बताउँदै सरकारले प्रदेशका ५६ वटै निर्वाचन क्षेत्रलाई न्याय गर्नु पर्ने धारणा राखेका थिए ।

शून्य समयमा कोशी प्रदेश सभा सदस्य सपना दर्जीले सुनसरीको श्रीलंका टापु र कोशी बाँध भत्किँदा मर्माहतमा परेका जनतालाई उचित व्यवस्थापन गर्न प्रदेश सरकार मार्फत संघीय सरकारको धयानाकर्षण गराउनुभयो । गत असार १ गते प्रदेश सरकारले ३५ अर्ब ८७ करोड ९९ लाख रुपैयाँको बजेट प्रस्तुत गरेको थियो ।

आगामी आर्थिक वर्ष २०८२-८३ को विनियोजन विधेयकमाथिको छलफलमा ३८ जना सांसदले सहभागिता जनाएका थिए । आगामी आर्थिक वर्षका लागि सरकारले चालुतर्फ १८ अर्ब ६७ करोड ३३ लाख र पुँजीगततर्फ १७ अर्ब १० करोड ६५ लाख रुपैयाँ विनियोजन गरेको थियो । जसमध्य आन्तरिक राजस्वबाट ५ अर्ब ५० करोड, राजस्व बाँडफाँटबाट १२ अर्ब ३९ करोड हुने अनुमान छ । बाँकी संघीय सरकारबाट प्राप्त हुने अनुदानबाट व्योहोरिने अनुमान छ । बजेट साउन १ गतेदेखि कार्यान्वयन हुनेछ ।


## प्राविधिक शिक्षा र व्यवसायिक तालिम प्राप्त गरौं ।

- इलेक्ट्रियन, प्लम्बिङ, कम्प्युटर अपरेटिङ, सिलाई-कटाई मोबाइल मर्मत, कुकिङ एण्ड हस्पिटालिटी, कृषि तथा पशुपालन जस्ता प्राविधिक ज्ञान प्राप्त गरौं ।
- स्वरोजगार बनौं,
- कम लागतमा उच्च परिणाम हासिल गरौं,
- आत्म निर्भर र उद्यमशील बनौं,
- देशमै रोजगारीको अवसर प्राप्त गरौं, निर्माण अघि स्वकृति लिऔं ।

**"जीवन स्तरमा सुधार गरौं"**

**नेपाल सरकार, विज्ञापन बोर्ड**


## हार्दिक बधाई तथा शुभकामना



विराटनगर महानगर पालिका वडा नं. ८ प्रगती टोल निवासी श्याम सुन्दर सुतिहार र मंजु शर्माको छोरा **श्रेय शर्मा** आर्दश माध्यमिक विद्यालय विराटनगरबाट २०८१ सालको एसइइ परिक्षामा ४ जीपीए ल्याउन सफल भएकोमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै उज्वल भविष्यको कामना गर्दछौ ।

**क्राईम अपरेशन साप्ताहिक**
**परिवार, विराटनगर**









परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# शिक्षा क्षेत्रमा देखिएको सुधार

नेपालको शैक्षिक क्षेत्रमा अघिल्लो वर्षको तुल्नामा उल्लेखनीय सुधार भएको भर्खरै प्रकाशित भएको एसइइ परिक्षाको उतिर्ण प्रतिशतले देखाउँछ । गतवर्षैको तुलनामा यस वर्ष करीब १२ प्रतिशतले बढी विद्यार्थी पास भएको छ । यसले शैक्षिक क्षेत्रमा भएको सुधार भएको प्रष्ट छ । अझ शैक्षिक क्षेत्रलाई सुधार गर्न नीतिगत, भौतिक, प्रविधिगत तथा गुणस्तरीय शिक्षातर्फको अग्रसरताले हाम्रो शिक्षाप्रणालीलाई आधुनिकताको दिशामा डोर्याउनु पर्छ । शिक्षालाई मुलुकको दीर्घकालीन विकासको मेरुदण्डको रूपमा लिइएको तथ्यलाई ध्यानमा राख्दै सरकार र विभिन्न निकायहरूले लिएको सक्रियताले शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनुपर्छ ।

सबैभन्दा उल्लेखनीय परिवर्तन भनेको डिजिटल शिक्षाको विस्तार हो । ग्रामीण भेगका विद्यालयहरूमा पनि इन्टरनेट र डिजिटल बोर्डको पहुँच बढ्दै गएको छ । योले विद्यार्थीहरूलाई केवल किताबी ज्ञानमा मात्र होइन, जीवनोपयोगी सीप र आधुनिक जानकारीमा पनि पहुँच दिलाइरहेको छ । त्यस्तै शिक्षकहरूको क्षमता अभिवृद्धिमा गरिएको लगानीले शिक्षण सिकाइ प्रक्रियामा गुणस्तरिय सुधार ल्याएको छ । विभिन्न तालिम, सेमिनार तथा कार्यशालाहरूले शिक्षकहरूलाई नयाँ प्रविधि, विद्यार्थी-केन्द्रित पद्धति र सिर्जनात्मक शिक्षण शैलीमा दक्ष बनाउँदै लगेका छन् ।

यसरी हाल देखिएका सुधारहरूले आशाको किरण देखाएका छन् । तर, सुधारलाई स्थायी, समावेशी र दिगो बनाउन राज्य, समुदाय, अभिभावक र स्वयं विद्यार्थीहरूको समेत सक्रियता आवश्यक छ । हामीले आजको सुधारलाई सुदृढ गर्दै लान सक्यौं भने, भोलिको पुस्ता अवश्य पनि सक्षम, विवेकी र उत्तरदायी नागरिकका रूपमा अघि बढ्नेछ ।

# मौद्रिक नीति र अर्थतन्त्रको निष्क्रिय रक्तसंञ्चार: के नेपालले रणनीतिक सुधार गर्न सक्ला ?

रमेश कुमार बोहोरा



रमेश कुमार बोहोरा

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि मौद्रिक नीति निर्माणको प्रक्रिया आरम्भ गरिसकेको छ । प्रारम्भिक बहसहरू सुरु भइसकेका छन् तर मूल प्रश्न भने यथावत् छ के नेपालले स्वतन्त्र, वैज्ञानिक र देशको आर्थिक यथार्थमा आधारित मौद्रिक नीति ल्याउन सक्ला ?

नेपालजस्तो आयातमुखी र विकासोन्मुख अर्थतन्त्रमा मौद्रिक नीति कुनै अमूर्त दस्तावेज होइन । यो वित्तीय स्थायित्व, मुद्रास्फीति नियन्त्रण, ब्याजदर व्यवस्थापन, रोजगारी सिर्जना र समग्र लगानी वातावरणलाई प्रभाव पार्ने नीतिगत औजार हो । तर हालसम्मको अभ्यासले मौद्रिक नीतिको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ ।

विनिमय दर भारतीय रुपैयाँसँग स्थिर (पेग) भएको अवस्थामा नेपालले स्वतन्त्र मौद्रिक नीति सञ्चालन गर्न सक्दैन । यो संरचना परिवर्तन नगरेसम्म मौद्रिक नीतिको कक्षा सीमित नै रहनेछ । आर्थिक संरचना पनि असन्तुलित छ आयात अत्यधिक, निर्यात कमजोर र विदेशी मुद्राको प्रमुख स्रोत रेमिटेन्समाथि निर्भरता रहेको अवस्थामा मौद्रिक नीति बनाउने स्पेस साँघुरो देखिन्छ ।

अहिलेको विश्व अर्थतन्त्र नै अनिश्चितता र सुस्तताले ग्रसित छ । सन् २०२५ को आरम्भमै विश्व बैंकले विश्व आर्थिक वृद्धिको दर २.३ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ जुन पछिल्लो दशकको सबैभन्दा न्यून हो । अमेरिका, युरोप, चीन, भारतजस्ता राष्ट्रहरू आन्तरिक उपभोगलाई बलियो बनाउँदै मौद्रिक नीतिमा लचिलोपन देखाइरहेका छन् । त्यहीँ नेपालमा भने मौद्रिक नीति अझै संरचनात्मक अस्पष्टता, कार्यान्वयनको शिथिलता र नियामक कमजोरीको बन्दीजस्तो देखिन्छ ।

नेपालका वाणिज्य बैंकहरूसँग अहिले पनि करिब ६ खर्ब ५० अर्ब रुपैयाँ बराबरको तरलता उपलब्ध छ । तर कर्जाको माग खासै देखिँदैन । सन् २०२४ को अन्त्यतिर बैंकहरूले घोषणा गरेका नयाँ योजनाहरूमा लगानीकर्ताको रुचि झिनो रह्यो । ब्याजदर केही कम हुँदा पनि व्यवसायीहरू उत्साहित देखिएनन् । राजनीतिक अस्थिरता, नीतिगत अनिश्चितता, कर प्रणालीमा जटिलता र बजारको विश्वास संकट यसका मूल कारण हुन् ।

नेपाल राष्ट्र बैंकले चालु पूँजी कर्जा (ध्यचपष्लन ऋबउष्तबा ीयबल) व्यवस्थामा सुधार ल्याउने संकेत दिएको छ । तर बैंकहरू अझै कर्जामा कठोर शर्तहरू राखिरहेका छन् । व्यवसायीहरूले चालु पूँजीका लागि अनावश्यक दस्तावेज, धितो र जटिल प्रक्रिया भोग्नुपर्ने अवस्था छ । जसले गर्दा वित्तीय पहुँचमा सीमितता देखिन्छ । यस्तो अवस्थामा मौद्रिक नीतिले स्पष्ट, सरल र व्यावसायिक अनुकूल वातावरण सिर्जना गर्ने खालको प्रावधान ल्याउनैपर्छ ।

डिजिटल बैंकिङको क्षेत्रमा भने केही सम्भावना देखिएका छन् । राष्ट्र बैंकले डिजिटल बैंकको लाइसेन्स दिने तयारी गर्दै छ । सन् २०२५ को अन्त्यसम्म तीनवटा डिजिटल बैंकको प्रारम्भिक अनुमति दिने संकेत देखिएको छ । तर त्यसका लागि कानुनी संरचना, साइबर सुरक्षा, ग्रामीण पहुँच र वित्तीय साक्षरता अभिवृद्धि अनिवार्य शर्त हुन् । नगदरहित कारोबार प्रवर्द्धनका लागि स्मार्ट पे नेपाल, क्यूआर प्रणाली, मोबाइल वालेट आदिको प्रयोगमा केही वृद्धि देखिए तापनि तिनीहरूको प्रभाव ग्रामीण र असङ्गठित क्षेत्रमा अझै कमजोर छ ।

नयाँ गभर्नर डा. विश्वनाथ पौडेल पदभार सम्हालेपछि मौद्रिक नीति प्रति आशा जगिएको छ । तर यथार्थ कठोर छ राष्ट्र बैंक अगाडि पाँचवटा प्रमुख चुनौती छन् । पहिलो नेपाललाई एफएटिएफको ग्रे लिस्टमा जान नदिन प्रणालीगत सुधार गर्नु । दोस्रो निष्क्रिय पूँजीलाई उत्पादनमा रूपान्तरण गर्ने खालको नीति ल्याउनु । तेस्रो बैंकिङ प्रणालीमा ब्याजदर स्थायित्व ल्याउने यथार्थपरक उपाय अवलम्बन गर्नु । चौथो अर्थ मन्त्रालयसँग समन्वय गरी नीति स्पष्टता कायम गर्नु । र पाँचौं निजी क्षेत्र र आम नागरिकको विश्वास पुनःस्थापना गर्नु ।

विगत केही वर्षयता सरकारको पुँजीगत खर्च २० प्रतिशतभन्दा तल झरेको छ । बजेटको ठूलो हिस्सा तलब, भत्ता र प्रशासनिक खर्चमा खर्चिने प्रवृत्तिले विकास बजेट सङ्कुचित भएको छ । निर्माण व्यवसायीलाई भुक्तानी नदिने सरकारी ढिलासुस्तीले निजी क्षेत्र खस्केको छ । जसको प्रत्यक्ष असर कर्जा प्रवाह र आर्थिक गतिशीलतामा परेको छ ।

सहकारी क्षेत्रमा देखिएको अनियमितता पनि समग्र वित्तीय प्रणालीमा खतरा बनेको छ । बीउँ पुँजीका रूपमा परिचालित हुनुपर्ने निक्षेप रकम सहकारी सञ्चालकहरू द्वारा दुरुपयोग भएको, निक्षेपकर्तालाई फसाइएको र नियमनकारी संयन्त्र कमजोर रहेको यथार्थले वित्तीय प्रणालीमै विश्वासको संकट निम्त्याएको छ ।

बीमा, सेयर बजार, रियल स्टेटजस्ता क्षेत्रहरूमा देखिएको निरन्तर मन्दीले औपचारिक सँगै अनौपचारिक बजारमा समेत नकारात्मक संकेत पुऱ्याएको छ । लगानीकर्तामा अब पैसाको अभाव होइन विश्वासको अभाव देखिन्छ । जुन मौद्रिक मात्र नभई समग्र आर्थिक योजनाको त्रुटिपूर्ण स्वरूपको परिणाम हो ।

आजको आवश्यकता ब्याजदर र कर्जामा सीमित मौद्रिक नीति होइन । उत्पादन,

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ ।**

**मिथुन** (क, कि, कु, घ, ङ, छ, के, को, ह) : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या** (टो, प, पी, पू, ष, ण, ठ, पे, पो) : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ । नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ ।

**तुला** (रा, री, रु, रे, रो, ता, ती, तु, ते) : पारिवारिक चिन्तालेसताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ । आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ ।**

**धनु** (यो, भा, भी, भू, ध, फा, ढ, भे) : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर** (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी) : महिनाको पुर्वार्द्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ । भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) **:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ ।**

**मीन** (दी, दु, थ, झ, ञ, दे, दो, च, ची) : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ । पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ ।


## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरूवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# शान्त वातावरणको संगम पर्यटक स्थाल मोरंगको जेफाल



पूर्वी नेपालको उदीयमान पर्यटकीय केन्द्रको रूपमा अहिले मोरङ जिल्लाको केरावारी गाउँपालिका-२, साविक सिंह देवीस्थित जेफाले डाँडा अहिले शान्त वातावरणको संगम पर्यटक स्थल जेफाले बनेको छ। प्रकृतिप्रेमी, साहसिक पर्यटक र दृश्य अवलोकनका पारखीहरू का लागि जेफाले अहिलेको समयमा एक आकर्षक गन्तव्य को रुपमा चिनिन थालेको छ।

समुन्द्र सतहदेखि १,९५० मिटरको उचाइमा अवस्थित जेफाले कोशी प्रदेशको १४ वटा जिल्ला, पूर्वतर्फको मेची नदी, पश्चिमको कमला नदी र उत्तरतिर विश्वका अग्ला हिमालहरूको मनोरम दृष्ण देख्न सकिन्छ। हिमालहरुमा कञ्चनजंघा, मकालु, सगरमाथा सम्मको स्पष्ट दृश्य एकै ठाउँबाट देखाउने अनुपम सौन्दर्य प्रदान गर्छ। यस्तो अद्भुत प्राकृतिक भौगोलिक अवस्था अन्यत्र विरलै पाइन्छ।

डाँडाको शिखरमा निर्मित भ्यु टावरले दृश्य अवलोकनलाई थप आकर्षक बनाएको छ। यहाँबाट बिहानको सुर्योदयको सुनौलो आभा, साँझको सुर्यास्तको रङ्गीनता र तराईका हरियाली फाँटहरूको मनोरम दृश्य पर्यटकहरूका लागि अविस्मर- णीय अनुभव बन्ने गर्छ। यही कारणले गर्दा जेफालेमा सिजन अनुसार दैनिक सयौं पर्यटकको भीड लाग्ने गरेको पाइन्छ।

यद्यपि, यहाँ पुग्ने बाटो अझै पनि केही स्थानहरूमा अप्ठ्यारो र जोखिमपूर्ण छ मोरङको केरावारीबाट जेफाले डाँडा पुग्न करिब १८ किलोमिटर लामो पहाडी यात्रा गर्नुपर्छ। यसरी कठिनाइ हुँदाहुँदै पनि वार्षिक दुई हजारभन्दा बढी पर्यटकहरू जेफाले पुग्ने गरेका छन्। स्थानीयबासी प्रकाश लिम्बुको भनाइमा, "यदि बाटो राम्रो भएको भए, यहाँ अझै धेरै पर्यटक आइपुग्थे।"

त्यसैगरी जेफले अर्को बाटो पूर्वपश्चिम राजमार्ग अन्तर्गत सुन्दर हरैचाको खोर्सानेबाट उत्तरतर्फ लाग्नुपर्छ। खोर्सानेबाट ३४ किलोमिटर टाढा रहेको जेफालेमा पुग्न मोटरसाइकल र भ्यानलाई डेढदेखि २ घण्टा लाग्छ। जेफाले पुग्ने अर्को बाटो भनेको धरानबाट भेडेटार, राजरानी हुँदै जाने बाटो हो।

मोरङको केराबारी-२, बिहीबारेमा रहेको जेफाले फरक विशेषता भएको ठाउँ हो। मोरङ र धनकुटा जिल्लाको सिमानामा पर्ने जेफालेमा ४ तले भ्यु टावर रहेको छ। बिहीबारे बजारबाट ३ सय मिटर उत्तर पुगेपछि प्रवेशद्वार आउँछ। भ्यु टावर चढ्नकै लागि पर्यटकहरू जेफाले पुग्ने गरेका छन्।

दिउँसो २/३ बजे जेफाले पुग्ने अनि त्यहीं बास बसेर भोलि पल्ट भ्यु टावर चढ्ने पर्यटक धेरै हुन्छन्। १ हजार ५० सिँढी चढेपछि भ्यु टावर पुगिन्छ। त्यहाँ पुगेर पहिले सूर्योदयको रमाइलो दृश्य हेर्ने गरेका छन्।

जेफालेमा हाल आन्तरिक पर्यटनका साथै भारतको विहार प्रान्तका पर्यटकहरूको आगामन हुने गरेको छ। सधैं सरर हावा चलिरहने हुनाले जेफालेलाई हावेचौर पनि भन्ने चलन छ। भ्यु टावरको दक्षिण पश्चिममा पाथीभरा देवीको मन्दिर छ, जसले धार्मिक पर्यटकलाई पनि आकर्षित गर्ने गरेको छ। जेफाले क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरी त्यहाँ पुग्ने पर्यटकलाई खान बस्नको सुविधा प्रदान गर्ने उद्देश्यले बिहीबारेमा होमस्टे सञ्चालनमा ल्याइएको छ।

बिहीबारेमा २१ घरको बसोबास रहेको छ जसमध्ये ७ घरले होमस्टे सञ्चालन गरी पर्यटकहरूलाई खुशी पारेका छन्। जेफालेमा सञ्चालित होमस्टेमा स्थानीय उत्पादनमा आधारित खाद्यान्नहरूबाट पाहुनालाई स्वागत गर्ने र हुर्रा तथा चण्डी नाच नाचेर सांस्कृतिक मनोरञ्जन प्रदान गर्ने गरिएको छ।

मगर समुदायको हुर्रा र राईहरूको चण्डी नाच हेर्नको लागि २ दिन पहिले नै जानकारी गराउनुपर्ने नियम छ। जेफालेमा विशेष गरी माघदेखि भदौसम्म पर्यटकको घुइँचो लाग्ने गरेको छ। पर्यटन कार्यालय काकडभिट्टा मा दर्ता गराई होमस्टे सञ्चालनमा ल्याइएको छ।

पर्यटकलाई आकर्षित गर्ने सुविधा र सम्भावना जेफालेमा बनभोजका लागि खुला स्थान, दृश्य अवलोकन टावर, र होमस्टे सेवा सञ्चालनमा छन्। अहिलेको अवस्था अनुसार यहाँ एकै पटक करिब १५० जनालाई होमस्टेमा बासको व्यवस्था गर्न सकिन्छ। स्थानीय कृषकहरूले उत्पादन गरेका अर्गानिक तरकारी, फलफूल, र स्थानीय परिकारले आगन्तुकलाई लोभ्याउने गर्छ।

तर, यहाँको पर्यटकीय विकास दीर्घकालीन र दिगो बनाउनका लागि स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार, पर्यटन व्यवसायी तथा निर्माण कम्पनीहरूसँग सहकार्य आवश्यक छ। जेफालेमा सस्तो र रमणीय घुमाइका साथै हिमाल नजिकबाट देखिने दुर्लभ दृश्यले गर्दा यो स्थान निकट भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकको रोजाइमा पर्ने सुनिश्चित देखिन्छ।

जेफाले अब केवल दृश्य अवलोकनको स्थल मात्र नभई पूर्वी नेपालको पर्यटकीय सम्भावनाको उज्यालो केन्द्र बन्दै गएको छ। उचित पूर्वाधार, प्रचारप्रसार, र सरकारी/गैरसरकारी पहलबाट यहाँको विकासले गति लिन सके, जेफाले देशकै प्रमुख गन्तव्यस्थल बन्न सक्ने सबै आधारहरू बोकेको छ। यहाँको शान्त परिवेश, अनुपम सौन्दर्य र स्थानीय आतिथ्यलाई सदुपयोग गर्दै जेफाले नेपालको पर्यटन नक्शामा बलियो पहिचान बनाउन सक्षम छ।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर


## एकल महिला सुरक्षा कोष कार्यविधी सम्बन्धि छलफल

विराटनगर, अषाढ ९ गते। १५औं अन्तराष्ट्रिय एकल महिला दिवसको अवसर पारेर विराटनगरमा 'एकल महला सुरक्षा कोष' कार्यविधी निर्माण सम्वन्धि छलफल सम्पन्न भएको छ।

छलफल कार्यक्रमका प्रमुख अतिथि विराटनगर महानगरपालिकाका उप प्रमुख शिल्पा निराला कार्कीले एकल महिलाहरु समस्याहरु समाधानका लागि कार्यविधी वनाए अगाडी वढ्ने प्रतिवद्धता जाहेर गर्दै एकल महिला लाई विराटनगर महानगर पालिका सहयोग गर्न तयार रहेको वताइन।

छलफलका सहभागी हरुले एकल महिला कोष बनेको धेरै भयो तर यसको कार्यान्वयन र परिचालन फितलो देखिएको छ। कोष संचालन कार्यविधी देखिएका त्रुटीहरुलाई सच्याउँदै अगाडी वढ्नु पर्ने भन्दै विचार व्यक्त गरेका थिए।

एकल महिला मोरंगमा ३७ हजार ७ सय ५५, सुनसरीमा २७ हजार ७४ र उदयपुरमा १६ हजार ७ सय ५४ रहेको तथ्याँक समेत प्रस्तुत गरेका थिए।

उक्त कार्यक्रम डब्लुएसआर मोरंगका अध्यक्ष चुडा कुमारी रेग्मीको अध्यक्षतामा सम्पन्न भएको थियो।

## लागुऔषध ब्राउन सुगर सहित ६ पक्राउ

विराटनगर। सुनसरी जिल्लाको बिभिन्न स्थानहरु बाट लागू औषध ब्राउन सुगर सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ।

असार १३ गते शुक्रवार का दिन लागू औषध नियन्त्रण ब्यूरो विराटनगर, जिल्ला धरान- ११ का १९ को सुअन तामाङ र २७ बर्षीय मिसन राई, धरान- १५ का ३२ बर्षीय रोमन शाही, २५ बर्षीय अरुण मण्डल, ३० बर्षीय सागर तामाङ र ३१ बर्षीय प्रस्ताव राई र ओसार पोसारमा प्रयोग भएका २ थान सवारी साधान सहित



प्रहरी कार्यालय सुनसरी र इलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी टोलीले सुनसरीको बिभिन्न स्थानहरु बाट चेकजाँचको क्रममा २१ ग्राम ९४० मिलिग्राम ब्राउन सुगर सहित तीनै जनालाई पक्राउ गरिएको थियो।

बेचबिखानमा संलग्न नियन्त्रणमा लिएको थियो।

इलाका प्रहरी कार्यालय भण्टाबारीले सप्तरी हनुमान नगरका २४ बर्षीय आकाश मण्डललाई कोशी गाउँपालिका -८ बाट २ ग्राम ५०मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो। पक्राउ परेका उनको थप अनुसन्धान भईरहेको प्रहरीले वताएको छ।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# तेह्रथुमको चो?लुङ पार्क : लिम्बु परम्परा, प्राकृतिक पर्यटन स्थल



कोशी प्रदेशको सुन्दर जिल्ला तेह्रथुमको लालीगुराँस नगरपालिका अन्तर्गत बसन्तपुर बजारनजिक अवस्थित चो?लुङ पार्क आजभोलि आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ। परम्परा, संस्कृति, प्राकृतिक सौन्दर्य र वातावरणीय सन्तुलनको अद्भुत संयोजन बनेको यो पार्क 'स्थानीय ज्ञान र पहिचान' को प्रत्यक्ष नमुना हो।

चो?लुङ पार्क पार्क भित्र छिरेपछि आगन्तुकलाई एउटा ऐतिहासिक गाउँमा प्रवेश गरेको अनुभूति हुन्छ। यहाँका घरहरू परम्परागत शैलीमा निर्माण गरिएको छन्। कतिपय घरहरू खरले छाइएका छन् भने कतिपयमा झिँगटी प्रयोग गरिएको छ। बाटो, बास बस्ने ठाउँ, ढोका, ढुंगाको पर्खालहरू सबैमा ढुंगा र काठको कलात्मक प्रयोग देखिन्छ। सिमेन्टको नामशेष छैन। पोखरी, धारा, कुवा आदिले गाउँको मौलिकता झल्काउँछ।

पार्क लिम्बू समुदायको परम्परा झल्काउने उद्देश्यले बनाइएको हो। लिम्बू संस्कृतिमा रहेको 'चो?लुङ' परम्परा, जसले पर्व, प्रकृति र पुर्खाको सम्मान दर्शाउँछ, सोही परिकल्पना अनुसार यहाँ संरचना बनाइएको छ। मेयर अर्जुनबाबु माबोहाङको नेतृत्वमा निर्माण भएको यो पार्कमा मुन्धुम परम्परा, ढुंगाको सांस्कृतिक अर्थ र लिम्बू जातिको जीवनशैली झल्काउने धेरै पक्षहरू हेर्न सकिन्छ।

पार्कमा फेदाङ्बाले बिहान र साँझ परम्परागत शैलीमा प्रस्तुतिहरू दिन्छन्, जसले आगन्तुकलाई सांस्कृतिक गहिराइको अनुभव दिलाउँछ। यहाँ संग्रहालयसमेत स्थापना गरिएको छ जहाँ लिम्बू तथा अन्य समुदायका पुराना वस्तुहरू, पुरातात्विक कागजात, परम्परागत जीवनशैली झल्काउने सामग्रीहरू संकलन गरिएको छ।

पार्क केवल परम्परा मात्र होइन, पर्यावरणीय सन्तुलनको पनि उदाहरण हो। यहाँ गुराँसका विभिन्न जातिका बोटहरू रोपिएको छ। थरीथरीका गुराँस फुल्ने टीएमजे (तामोर-म्याङ्मा-जोगमाई) क्षेत्रको काखमा रहेको यो पार्क जैविक विविधताको संरक्षणमा पनि उदाहरणीय बनेको छ। जलवायु परिवर्तनको प्रभाव घटाउन स्थानीयवासीको संलग्नता र सजगतालाई यसले प्रोत्साहन दिएको छ।

सिमेन्ट प्रयोग नगरी निर्माण गरिएका संरचनाले 'हरित निर्माण' को सन्देश दिएको छ। प्राकृतिक सौन्दर्यलाई भत्काइने हैन, संरक्षण गरिने प्रवृत्तिमा जोर दिएको छ चोलुङ पार्कले।

पार्कमा दिनहुँ सयौँ आन्तरिक पर्यटक पुग्ने गरेका छन्। विशेष अवसरमा विदेशी पर्यटक पनि आकर्षित हुने गरेका छन्। पर्यटकीय हिसाबले चोलुङ पार्कको ख्याति बढ्दो क्रममा छ। न्युयोर्क टाइम्स जस्तो प्रतिष्ठित अन्तर्राष्ट्रिय मिडिया संस्थाले सन् २०२५ मा 'विश्वमा घुम्नैपर्ने १०० स्थान' सूचीमा यसलाई ४२औँ स्थानमा राख्नुले यसको अन्तर्राष्ट्रिय महत्त्व पुष्टि गर्छ।

चोलुङ पार्क लालीगुराँस नगरपालिकाको आर्थिक स्रोत बन्न पनि सफल भएको छ। गत वर्ष मात्र २० रुपैयाँको टिकटमा झण्डै १६ लाख रुपैयाँ राजस्व संकलन भएको थियो। हाल भने टिकट दर ५० रुपैयाँ पुऱ्याइएको छ। यसले नगर पालिकालाई थप विकास कार्यमा लगानी गर्न सहयोग पुग्नेछ।

पार्कलाई अझ आकर्षक बनाउने योजना समेत अघि सारिएको छ। नयाँ सूचना सामग्री, गाइडिङ सिस्टम, परम्परागत खाना र हस्तकला केन्द्र स्थापना गरी पर्यटकको अनुभव अझ समृद्ध बनाउने तयारी भइरहेको मेयर अर्जुनबाबु माबोहाङको भनाई छ।

चोलुङ पार्क केवल एक पार्क मात्र नभई, इतिहास, संस्कृति, जैविक विविधता र जिम्मेवार पर्यटनको प्रतिक बनेको छ। विकास र समृद्धिको दौडमा हराउँदै गइरहेको मौलिक पहिचानलाई पुन:स्थापना गर्ने प्रयासको उत्कृष्ट नमुना हो यो। यसको सफलताको सन्देश भनेको परम्परामा गर्व गरौं, प्रकृति जोगाऔं र स्थानीयपनलाई अन्तर्राष्ट्रिय बनाऔं भन्ने हो।

# अपुग रकम माग गर्दै चरण बद्ध आन्दोलनमा

विराटनगर। कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८२-०८३ को बजेट अपाङ्गहरुको लागि छुट्याइएको बजेटमा अघिल्लो बर्षहरुको तुलनामा ३ करोड १३ लाख ४३ हजार ७ सय ४६ रुपिया अपुग रहेको भन्दै सो रकमको लागि राष्ट्रिय अपाङ्गमहासंघ कोशी प्रदेशले आन्दोलन गर्ने भएको छ।

राष्ट्रिय अपाङ्गमहासंघ कोशी प्रदेशका सचिव गोपालमान थापाले पत्रकार सम्मेलन गरी कोशी प्रदेश सरकारका विरुद्ध ७ बुद्धे मागराखि आन्दोलन घोषण गरेको जानकारी गराए।

थपाका अनुसार स्थानीय तहहरूमा विनियोजन हुनु पर्ने न्युनतम बजेट भन्दा पनि अतिन्यून बजेट विनियोजन गर्दा अपाङ्गता रोकथाम तथा




पुन:स्थापना कार्यक्रमको मुख्य उद्देश्य र मर्म समेतलाई सम्बोधन गर्न नसकिने अवस्था आएकोले प्राविधिक साझेदारको रुपमा रहेको राष्ट्रिय अपाङ्ग महासंघ नेपाल कोशी प्रदेश, अपाङ्गता भएका व्यक्तिहरू प्रतिको कोशी प्रदेश सरकार संवेदनसील नभएको आरोप लगाए।

महासंघले प्रदेश सरकार लाई असार ६ गतेका दिन नै माग सम्बोधन गर्नकालागि अल्टिमेटम सहित ध्यानाकर्षण पत्र बुझाएको भएता पनि अपाङ्गहरुको माग सरकारबाट सम्बोधनको कुनै सम्भावना नदेखिएकोले असार १० गते देखी आन्दोलनको कार्यकमहरु घोषणा गरेको छ।

अपाङ्ग महासंघका मागहरु १. अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमको आन्तरिकिकरण अन्तर्गतका ७३ वटा स्थानीय तहहरुमा विगत वर्षका अभ्यासलाई निरन्तरता दिदै आ.व. २०८२/०८३ मा विनियोजन गरिएको रकममा अपुग बजेट रू ३,१३,४३,७४६। अविलम्ब व्यवस्था गरियोस, २. कम्तिमा दश वर्ष सम्मकालागि अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमलाई पर्याप्त बजेट व्यवस्थापन र सो उप्रान्त कार्यक्रमको निरन्तरताका लागि न्यूनतम लागत साझेदारी गर्ने गरी नितिगत रुपमा व्यवस्था गरियोस। ३. अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमको साझेदार संस्थाको रुपमा रहेको करुणा फाउण्डेशन नेपालले आ व २०८२/०८३ मा ६४ स्थानीय तहहरूमा गर्ने लगानिलाई निरन्तरता प्रदान गर्ने व्यवस्था मिलाईयोस्। ४. संसोधनको चरणमा रहेको अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम संचालन निर्देशिकालाई अविलम्व संसोधन गरियोस। ५. यस कार्यक्रम अन्तर्गत स्थानीय तहमा सञ्चालन भएको अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण तथा संस्थागत सुदृढिकरण मार्गदर्शनलाई कार्यविधिको रुपमा रुपान्तरण गरी लागू गरियोस भन्ने माग रहको छ।

६. कार्यक्रमको आन्तरिकिकरण गरी लागू गर्दा अपाङ्गता भएका व्यक्तिहरूलाई घर सम्मै पुगेर सेवा दिनका लागि कम्तीमा एक जना समुदायमा आधारित पुन:स्थापना सहजकर्ता राख्खका लागि मन्त्रालयको साझेदारीको व्यवस्था मिलाईयोस्। साथै रिक्त रहेका समुदायमा आधारित पुन:स्थापना सहजकर्ताको पदपुर्ती गर्दा समुदायमा आधारित पुन:स्थापना सहजकर्ता छनौट सम्बन्धी मार्गदर्शन, २०८० को व्यवस्था अनुसार प्रत्येक स्थानीय तहमा कम्तिमा एक जना अपाङ्गता भएका व्यक्ति अनिवार्य नियुक्त हुने गरी मार्गदर्शनलाई संसोधन गरियोस र ७. अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम अन्तर्गत ७३ स्थानीय तहहरूमा अपाङ्गता सहायता सहजकर्ता पदमा कार्यरत अपाङ्गता भएका व्यक्तिहरूको रोजगारी सुनिश्चित गरियोस् लगायतको माग पुरा नभए अनिश्चित कालिन आन्दोलन गर्ने थापाको भनाई छ।



# विराटनगर महानगरपालिकाको आर्थिक वर्ष २०८२-०८३ बजेट ४ अर्ब ४० करोड

विराटनगर । विराटनगर महानगरपालिकाले आर्थक वर्ष २०८२-०८३ को लागि ४ अर्व ४० करोडको बजेट सार्वजनिक गरिएको छ ।

असार १० गते विराटनगर महानगरपालिकाकी उप प्रमुख शिल्पा निराला कार्कीले सो बजेट प्रस्तुत गरो थियो ।

बजेटको पूर्ण विवरण यस प्रकार रहेको छ ।



अब म आर्थिक वर्ष २०८२-०८३ का लागि अनुमानित आय र व्यय प्रस्तुत गर्न चाहन्छु। संघीय सरकार वित्तीय समानी करण अनुदान तर्फ रु ३४ करोड ३४ लाख, प्रदेश सरकार वित्तिय समानीकरण अनुदान तर्फ रु ३ करोड ६२ लाख ३० हजार, राजस्व बाँडफाँडबाट प्राप्त हुने राजस्वमध्ये मूल्य अभिवृद्धि करतर्फ रु १५ करोड ३९ लाख, अन्त:शुल्कतर्फ रु ५ करोड १३ लाख, मनोरञ्जन तथा विज्ञापन कर रु १ करोड र सवारी साधन कर तर्फ रु ३ करोड ८ लाख, घरजग्गा रजिष्ट्रेसन तर्फ रु ९४ करोड ६० लाख ३ हजार अनुमान गरेको छु। यसै गरी आन्तरिक राजस्वतर्फ १ अर्ब ४० करोड, संघीय सरकार सशर्त र समपुरक अनुदान रु ८३ करोड ३४ लाख, प्रदेश सरकार सशर्त अनुदान रु ४ करोड २३ लाख ६७ हजार, सडक बोर्ड नेपाल रु १ करोड ५० लाख, अन्यसंघ संस्था १६ लाख, नगद मौज्दात रु १४ करोड समेत कुल रु ४ अर्व ४० लाख को आय अनुमान प्रस्तुत गरेको छु।

आदरणीय नगर सभाध्यक्ष ज्यू तथा सभासदस्यज्यूहरु

अब म आर्थिक बर्ष २०८२-०८३ को अनुमानित व्यय प्रस्तुत गर्न चाहन्छु । कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ रु ६४ करोड ७५ लाख, ऋणको सावा व्याज भुक्तानीका लागि रु ५ करोड, चालु आवको भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रमहरुका लागि रु ८ करोड विनियोजन गरेकोछु। यसै गरी भौतिक पुर्वाधार तर्फ समपुरक योजनाहरुका लागि रु ६ करोड २० लाख, वहुवर्षीय ठेक्का तथा गौरवका आयोजना एवं दायित्व सारी आएका योजनाहरुको लागि रु ७० सत्तरी करोड, नगरका विभिन्न सडक मर्मत सम्भारका लागि रु १० करोड, फोहोरपानी प्रशोधन केन्द्रका लागि रु २ करोड ६० लाख, विद्युतीकरण कार्यक्रमका लागि रु २ करोड, भवन संहिता तथा निर्माण इजाजतका लागि रु १ करोड ६५ लाख, सडक पुर्वाधार तथा बस्ती विकासका लागि रु १० करोड २७ लाख १२ हजार, सडक बोर्डबाट सञ्चालन हुने योजनाहरुका लागि रु १ करोड ५० लाख साथै नगरस्तरीय योजनातर्फ रु ६४ करोड ६१ लाख १ हजार गरी पूर्वाधार विकासतर्फ कुल रु १ अर्ब ६८ करोड ८३ लाख १३ हजार विनियोजन गरेको छु ।

वडा कार्यालयतर्फ वडा स्तरीय योजना तथा कार्यक्रम सञ्चालनका लागि रु ४३ करोड ५६ लाख ३२ हजार विनियोजन गरेको छु। विषयगत क्षेत्रमध्ये सामाजिक विकास तर्फ शैक्षिक विकास कार्यकमका लागि रु ७५ करोड ५१ लाख ३० हजार, स्वास्थ्य कार्यक्रमका लागि रु १५ करोड ३५ लाख, महिला लक्षित कार्यक्रमका लागि रु ९१ लाख, बालबालिका लक्षित कार्यक्रमका लागि रु ५० लाख युवा विकास कार्यक्रमका लागि रु ३८ लाख, आदिवासी जनजाति दलित मधेशी पिछडा वर्ग यौनिक अल्पसंख्यक कार्यक्रमका लागि रु ४० लाख, खेलकुद विकास कार्यक्रमका लागि रु ९० लाख, जेष्ठ नागरिक कार्यक्रमका लागि रु २० लाख, अपाङ्गता क्षमता विकास कार्यक्रमका लागि रु २५ लाख, खानेपानी सरसफाई रु २० लाख, सार्वजनिक निजी साझेदारी रु २५ लाख, सामाजिक सुरक्षा तथा पञ्जीकरण रु ३० लाख, रोजगार प्रवर्द्धन कार्यक्रम रु ६९ लाख र संघसंस्था अनुदान रु ५ करोड ५ लाख समेत गरी सामाजिक विकास तर्फ रु १ अर्ब ८९ लाख ३० हजार विनियोजन गरेको छु।

त्यसै गरी आर्थिक विकास क्षेत्रतर्फ कृषि विकास कार्यक्रमका लागि रु १ करोड ५ लाख, पशुपंक्षी तथा भेटनरी कार्यक्रमका लागि रु ८५ लाख २५ हजार, सहकारी तर्फ रु २४ लाख उधम शिलता विकासतर्फ रु. ४७ लाख, उपभोक्ता हित संरक्षण तर्फ रु १० लाख, पर्यटन प्रवर्द्धन तर्फ रु २५ लाख गरी आर्थिक विकासतर्फ रु २ करोड ९६ लाख २५ हजार विनियोजन गरेको छु।

विपद व्यवस्थापनतर्फ रु १ करोड २० लाख, बन वातावरण तथा जैविक विविधतातर्फ रु ३० लाख र सरसफाई कार्यक्रमतर्फ रु १ करोड ६० लाख गरी वन वातावरण तथा विपद व्यवस्थापनतर्फ रु ३ करोड १० लाख विनियोजन गरेको छु ।

यसैगरी सुशासन तथा संस्थागत विकास क्षेत्रतर्फ राजस्व सुदृढीकरणका लागि रु ३० लाख, नगर प्रहरी तथा ट्राफिक व्यवस्थापन रु ४० लाख, सूचना तथा सञ्चार (मिडिया) रु ६० लाख, सूचना तथा प्रविधि तर्फ रु ८० लाख, सुशासन तथा सेवा प्रवाहका लागि रु ८० लाख, कानुन तथा न्यायिक समिति तर्फ रु ४० लाख गरी सुशासन तथा संस्थागत विकासतर्फ रु ३ करोड ३० लाख रुपैयाँ समेत गरी कुल जम्मा रु ४ अर्व ४० लाख व्यय अनुमान गरेको छु ।

आदरणीय नगर सभाध्यक्षज्यू तथा सभा सदस्य ज्यूहरु

प्रस्तुत नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा आफनो महत्वपुर्ण राय, सल्लाह तथा सुझाव दिनुहुने राजनैतिक पार्टीका प्रतिनिधि ज्यूहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिज्यूहरु, नगर कार्यपालि काका सदस्यज्यूहरु, नागरिक समाजका व्यक्तित्वहरु, सञ्चारकर्मी र राष्ट्रसेवक कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। यसै गरी समृद्ध महानगर बनाउन सहयोग गर्नुहुने प्रदेश सरकार, नगरबासी, अग्रज लब्धप्रतिष्ठित महानुभावहरु, स्थानीय प्रशासन, विकास साझेदार संस्थाहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा सम्मानित सभाबाट आर्थिक वर्ष २०८२-०८३ को वार्षिक निति, कार्यक्रम तथा बजेट नगर सभाका सबै सदस्यहरुबाट व्यापक छलफल गरी पारित भएपश्चात योजना तथा कार्यक्रम कार्यान्वयनमा समेत हातेमालो गर्दै समृद्ध महानगर बनाउन विगतमा झै सहयोगको अपेक्षा राख्दै यहाँहरु सबैलाई विशेष धन्यवाद दिन चाहन्छु। धन्यवाद

# चोरीमा संलग्न रहेको आरोपमा ३ पक्राउ

विराटनगर । चोरीमा संलग्न रहेको आरोपमा तीन जना भारतीय महिलाहरु पक्राउ परेका छन् ।


पक्राउ पर्नेमा देश भारत पूर्णिया ठेगाना भएकी बर्ष २४ की प्रियंका धामी, बर्ष २५ की बिहोला धामी, बर्ष २० की अटकारी धामी रहेकी छिन्

घटनाको विवरण अनुसार बिराटनगर बजार क्षेत्रमा भाडाका सवारी साधनमा सवार असहाय र बृद्ध उमेर समुहका मानिसका साथबाट तथा बोकेका झोलाबाट नगद तथा गरगहनाहरु झिकी चोरी गर्ने समुहको खोजतलाश गर्ने क्रममा विहीवारसो समुहमा शंकास्पद मानिसहरु सिटी सफारी चढी बिराटनगरबाट कटहरी जाँदै गरेको भन्ने बिशेष सुचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको टोली जिल्ला मोरङ कटहरी गाँउपालिका वडा नं. १, बुधहाटमा पुग्दा एक जना बृद्ध मानिस र अन्य तीन जना महिलाहरु सवार सिटी सफारी रोकी चेक जाँच गर्दा शंकालागि पक्राउ गरेको थियो ।



सो सिटी सफारीका यात्रु रहेका ३ जना महिलाको साथबाट जनही एक हजार दरका ३ लाख फेलाा पारी अनुसन्धान गर्दा सोही सिटी सफारीमा रहेका घातक रोगका बिरामी भई उपचारका क्रममा रहेका जिल्ला मोरङ कटहरी गा.पा. वडा नं ४ बस्ने वर्ष ७० को नारायण प्रसाद काफ्लेले केही समय अघि बैंकबाट रकम निकाली सिटीसफारीमा चढी घरतर्फ जाँदै गरेकोमा सोही सिटी सफारीमा चढन आएका निजहरुले बृद्ध मानिसले नगद राखेको झोला भित्रबाट उल्लेखित नगद चोरी गरी लुकाई छिपाई राखेको पाईएको थियो ।

चोरी गर्ने मानिसहरुलाई पक्राउ गरी प्रारम्भिक कानुनी प्रकृया पुरा गरी चोरी मुद्धामा जाहेरी प्राप्त भएकोमा मोरङ जिल्ला अदालतबाट म्याद थप भईथप अनसन्धान भईरहेको प्रहरी जनाएको छ ।




## मौद्रिक...

रोजगारी, निर्यात प्रवर्द्धन र वित्तीय समावेशीतालाई केन्द्रमा राख्ने समन्वयात्मक, पारदर्शी र समावेशी मौद्रिक नीति हो। बैंकिङ प्रणालीको नियमन पारदर्शी बनाउनु राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु र निगरानी संयन्त्रलाई सक्रिय बनाउनु अब अपरिहार्य भएको छ ।

डिजिटल बैंकिङको सम्भावना सँगै जोखिम पनि छन् । साइबर सुरक्षाको जोखिम, ग्रामीण क्षेत्रमा प्रविधिको पहुँच, जनताको वित्तीय बुझाइ र प्रयोग व्यवहारलाई नहेरी लिइने नीति अल्पकालीन आकर्षण त बन्न सक्छ तर दीर्घका लीन समस्या निम्त्याउन सक्छ। डिजिटल रुपान्तरण का लागि पूर्वाधार, शिक्षा र व्यवहारको तयारी सुनिश्चित हुनु अनिवार्य छ।

अन्तत: मौद्रिक नीति अब कुनै बन्द कोठाको प्रविधिक दस्तावेज बन्नु हुँदैन। अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, निजी क्षेत्र, कर प्रशासन र आम नागरिकको सरोकार समेट्ने समन्वयात्मक दृष्टिकोण अपरिहार्य छ। मुद्रास्फीति नियन्त्रण, उत्पादन वृद्धिमा प्रेरणा, कर्जा पहुँचमा सुधार, बैंकिङ प्रणालीमा विश्वास र वित्तीय अनुशासनका पक्षमा स्पष्ट दिशा नदिएसम्म मौद्रिक नीति केवल 'संकेतपत्र' मात्र हुनेछ।

राष्ट्र बैंकले अब आफूलाई केवल नियामकको भूमिकामा सीमित राख्नु हुँदैन । नवगठित नेतृत्वले यसपटकको मौद्रिक नीतिलाई केवल बैंकहरूका लागि निर्देशात्मक मापदण्ड बनाउने नभई अर्थतन्त्र पुनर्जीवन गर्ने योजनात्मक दस्तावेज बनाउने हिम्मत देखाउनुपर्छ। नत्र मौद्रिक नीतिको आलोचना फेरि पनि यथावत् रहनेछ ।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )